पूर्ण सरसफाई

चर्पीको समुचित प्रयोग गरौं

- परिवारका सबैले सधैं चर्पीमा दिसापिसाब गरौं ।
- चर्पी भित्र साबुन र पानीको व्यवस्था गरौं ।
- नियमित रुपमा चर्पीको सरसफाई गरौं ।

वातावरण सफा र स्वच्छ राखौं

- बाटोघाटो, नदीनाला, चौतारा तथा अन्य सार्वजनिक स्थानहरू सफा र स्वच्छ राखौं ।
- पानीका मुहानहरू र वितरण प्रणाली संरक्षित गरौं ।
- फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।
- रूखबिरुवा भएको हरियाली पार्क बनाऔं ।

व्यक्तिगत सरसफाईमा ध्यान दिऔं



- चर्पीको प्रयोगपछि साबुनपानीले हात धोऔं ।
- खाना बनाउन, खानु र खुवाउनु अघि हात धोऔं ।
- गाईवस्तु, फोहोर कुरा र विषाढी छोएपछि हात धोऔं ।
- बिरामी तथा बच्चाको स्याहारसुसार गर्नु अघि र पछि हात धोऔं ।
- महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी अभ्यास गरौं ।

घर आँगन सधैं सफासुग्घर राखौं



- घर आँगन सधैं सफासुग्घर राखौं ।
- घरबाट निस्कने फोहोर तथा पानीको वर्गिकरण र उचित व्यवस्थापन गरौं ।
- पशुपन्छीका लागि छुट्टै टहरा/खोर बनाई मलमुत्रको व्यवस्थापन गरौं ।
- धुँवारहित चुल्होको प्रयोग गरौं ।

सुरक्षित पानीको प्रयोग गरौं

- पानी पिउने, खन्याउने तथा राख्ने भाँडा सफा र छोपेर राखौं ।
- घरायसी पानी शुद्धिकरणका कुनै एक विधिको प्रयोग गर्ने गरौं ।



- पकाउने भाँडा, खाना राख्ने भाँडा छोपेर र सफा तथा सुरक्षित राखौं ।
- बासी तथा सडेगलेको खानेकुरा नखाऔं ।
- काँचै खान मिल्ने खानेकुराहरू राम्ररी सफा गरी खाने गरौं ।

Good Neighbors International